# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धरान उप महानगरपालिका
## सुनसरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## धरान उप महानगरपालिका
## सुनसरी

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

धरान उप महानगरपालिका

सुनसरी

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन र नियमलाई आधार लिइएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवम् जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धतालगायतका सीमा रहेतापनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नुपर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोजस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

जेठ, २०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

मिति:२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १४९

विषय: **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू,
धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धरान, सुनसरी ।

१. कैफियतसहितको राय — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियतसहितको राय व्यक्त गर्ने आधार —

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोषलगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ४ करोड ३५ लाख ३५ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. १ करोड १५ लाख ३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २२ लाख ४७ हजार, नियमित गर्नुपर्ने रू. २ करोड ७७ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १३ लाख ९३ हजार र पेस्की बाँकी रू. ६ लाख २९ हजार समेत रू. ३ करोड २० लाख ३२ हजार रहेको छ । यस नगरपालिकाको गत वर्षसम्म रू. ४२ करोड ३ लाख ५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू. ४२ करोड ९० लाख २५ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गमादर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने धरान उपमहानगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिताअनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको

क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. अन्य व्यहोरा- ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी — नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी धरान उपमहानगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी — वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।



(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

# धरान उपमहानगरपालिका

सुनसरी जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | ११८ | ४३५३५ | ० | ६ | ११५०३ | ५९ | ११२ | ३२०३२ | २२४७ | २७७६३ | १३९३ | ० | ० | २९१५६ | ६२९ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनसरी | ४२०३०५ | ० | २३३१२ | ३९६९९३ | ० | ३२०३२ | ४२९०२५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८०(चालु वर्षको) | | | |
| १ | ०७९।८० | ३२.२ | प्रमाण पेश भई फछ्र्यौट | ११९६६२०/- |
| २ | ०७९।८० | ५४ | कार्यसम्पन्न पेश भई फछ्र्यौट | १०३०५९६४/- |
| | | | **चालु वर्षको जम्मा** | **११५०२५८४/-** |

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| ३ | ०७४।७५ | ५१ | लेखापाल कृष्ण कुमार राईले लिएको पेश्की फस्यौंट भएको प्रमाण पेश भएको आधारमा सम्परीक्षण भएको । | ७०००० |
| ४ | ०७४।७५ | ७५ | दाखिला भएको प्रमाण पेश भएको आधारमा सम्परीक्षण भएको । | ४२९२०० |
| ५ | ०७४।७५ | १५ | कार्य सम्पन्न भएको प्रमाण पेश भएको आधारमा सम्परीक्षण भएको । | १०००००० |
| ६ | ०७६।७७ | ८३ | रोयल सार्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि ले लिएको मोविलाजेशन पेश्की फस्यौंट भएको प्रमाण पेश भएको आधारमा सम्परीक्षण भएको । | ३६२००० |
| ७ | ०७६।७७ | ८३ | न्यू थापा निर्माण सेवाले लिएको मोविलाजेशन पेश्की फस्यौंट भएको प्रमाण पेश भएको आधारमा सम्परीक्षण भएको। | ५२०००० |
| ८ | ०७६।७७ | २३ | वेरुजु दाखिला भएको आधारमा सम्परीक्षण भएको । | ३३१२०० |
| | ०७७/७८ र ०७८/७९ | विभिन्न | **नेपाल लेखापरीक्षण प्रणालि मार्फत** | २०५३६८५६ |
| | | | **गत विगतको जम्मा** | **२३३१२२५६** |
| | | | **कुल जम्मा** | **३४८१४८४०/-** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय-**

**(क) धरान उपमहानगरपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा २० वडा रहेको छ भने क्षेत्रफल १९२.६१ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनअनुसार १ लाख ७३ हजार ९६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि -** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति-** कार्यालयको विनियोजनतर्फ आय - व्ययतर्फ रु.४,२१,९४,८९,१०३/८२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा रु.१,२३,९८७/- असुल भइ दाखिला प्रमाण पेश भएको छ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

- कार्यालयले पेश गरेको म.ले.प.फा.नं. २७२ मा श्रेस्ता अनुसार वर्षान्तको मौज्दात रु.१४,५५,२६,२९५.६७/- रहेकोमा बैंक तथा नगद बाँकी रु.१४,७१,८२,९१६.६७/- उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५३,६४,४६,५५७/- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२६३७१५५७३/- मौज्दात रहेकोमा यो वर्ष संचितकोषमा रु.१७,१७,१६,२६९.६१/- र धरौटी तथा कोषमा रु.८,४८,१६,३४३.४५/- सहित रु.२५,६५,३२,६१३.०६/- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.७१८२९६०/- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७१,९७,५६५/१, यस वर्षको प्राप्ति रु.५६,२८,१८,२१८।४७, यस वर्षको भुक्तानी रु.५७,१४,३९,९७२/६० र बैङ्क मौज्दात ३०,८०,८१०।०३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २५६५३२६१३.०६ | १४८७११२२९७.६८ | १५९८११८६१५.०७ | १४७१८२९१६.६७ |
| एकीकृत आर्थिक विवरणअनुसार | २६३७३०१७८.१६ | २०४९९३०५१६.१५ | २१६९५५८५८७.६७ | १४४१०२१०६.६४ |
| फरक | -७१९७५६५.१ | -५६२८१८२१८.४७ | -५७१४३९९७२.६ | ३०८०८१०.०३ |

सैद्धान्तिक बेरुजु

६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी देहायको फरक मौज्दातको स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| ग१.१ - आन्तरिक राजस्व खाता | ०.०० | २५४४३८४१.८२ | २५४४३८४१.८२ |
| ग१.२ - बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | २४४५६१.०२ | २४४५६१.०२ |
| ग१.३ - आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| ग२.२ - चालू खर्च खाता- जोर वर्ष | ०.५० | १२८८९९४.२३ | १२८८९९३.७३ |
| ग२.४ - पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ३२३३४००६.८१ | ३२३३४००६.८१ |
| ग२.६ - वित्तीय खर्च खाता- जोर वर्ष | १४.३६ | १००१४.३६ | १००००.०० |
| ग२.७ - विविध खर्च खाता | ११२७०३४८.२७ | ११४७२२३२.२७ | २०१८८४.०० |
| ग३.१ - स्थानीय तह धरौटी खाता | ४९२६५२३५.३५ | ५१९८८०९७.३४ | २७२२८६१.९९ |
| ग४.१ - स्थानीय तह सञ्चित कोष खाता | ५६८३४१०३.७१ | १६७६५७२८.७८ | (४००६८३७४.९३) |
| ग५.१ - स्थानीय तह विविध कोष खाता | २०६८०९९३.७२ | २३८११६१.१२ | ३१३०१६७.४० |
| ग६.१ - स्थानीय तह विभाज्य कोष खाता | ३२४८१७.४४ | ३२७८६३.४४ | ३०४६.०० |
| ग७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोषखाता | ५४१४५६८.२९ | ५८१६८३६.२९ | ४०२२६८.०० |
| जम्मा | १४३७९००८१.६४ | १६९५०३३३७.४८ | २५७१३२५५.८४ |

• सञ्चितकोषमा श्रेस्ताअनुसार वर्षान्तको मौज्दात रु.५,६८,३४,१०३.७१ र बैकअनुसार वर्षान्तको मौज्दात रु.१६,७६,५७२८.७८ देखिएकोमा श्रेस्ताभन्दा बैक रु.४,००,६८,३७४/९३ घटी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२१,७४,७५,५६१।३२/-, राजस्व बाँडफाँडबाट रु.२७,६२,१४,११९।८८ र अनुदानबाट रु.९४,५८,०२,४५१।५० समेत रु.१,४३,९४,९२,१३२।७० आम्दानी भएकोमा चालुतर्फ रु.९४,१६,४६,३८३।३७ र पूँजीगत तर्फ रु.५५,११,५६,५२१।१९ गरी जम्मा रु.१,४९,३०,७०,४१४।५६ खर्च भएको छ । उक्त खर्च मध्ये आन्तरिक आयको हिस्सा १४.५७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.१,९७,०५,०३४/- खर्च भएको छ जुन आन्तरिक आयको ९.०६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.०७ प्रतिशत चालु र ३६.९३ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.१ अर्ब ६८ करोड ५८ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **योजना प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार २० वडाको लागि वडागत र पालिकास्तरका कुल १६३ योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १६३ | ५५ | ७२ | ३६ |
| २ | वडास्तरीय | ६३१ | ० | १३३ | ४९८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ ।जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.२२७९००००/- अबण्डा बजेट व्यवस्था खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् -

| क्र.सं | योजनाको नाम | बजेट/खर्च |
|---|---|---|

| | | |
|---|---|---|
| १ | विभिन्न निर्माण कार्यहरु (उपप्रमुख कोष) | २०००००० /- |
| २ | विभिन्न निर्माण कार्यहरु (उपप्रमुख कोष) | २२००००० /- |
| ३ | विभिन्न निर्माण कार्यहरु-प्रमुख कोष | ४५००००० /- |
| ४ | विभिन्न निर्माण कार्यहरु-प्रमुख कोष | ३०००००० /- |
| ५ | विभिन्न पार्क निर्माण | १३७९००० /- |
| ६ | विभिन्न पार्क निर्माण | ४७११००० /- |
| ७ | विभिन्न पार्क निर्माण | ५०००००० /- |
| | जम्मा | २२७९०००० /- |

सैद्धान्तिक बेरुजु

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन ।

वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०७९।८० को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएकोमा सोको प्रतिवेदन लेखापरीक्षण अवधिमाको अन्तमा प्राप्त भएकोले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोराको विश्लेषण गर्न सकिएन । अतः आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरु कार्यालयले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३७ कर्मचारीको रु.२,४४,५५,८६६/- र पालिकाका १६७ कर्मचारीको रु.११३२९७४३४।५४ समेत रु.१३७७५३३००।५४/- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) मा नगर प्रहरी सवारी चालक सयस बगैंचे प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१,५०,०७,२७८/- र ज्यालादारीमा नियुक्त गरी रु.२४०१९२००/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत तोकिएको पद भन्दा फरक पदमा करारमा कर्मचारी नियुक्त तलब भत्ता भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| क्र.सं | पद | नियुक्तीसंख्या | तलबभत्ता रु. |
|---|---|---|---|
| १ | अधिकृत छैठौ (इन्जिनियर) | २ | ११३५९१४ |
| २ | सहायकपाँचौ (कम्युटर अपरेटर, सब इन्जिनियर) | ६ | २९८१९४० |
| ३ | सहायक चौथो (सहायक कम्युटर अपरेटर, अमिन) | २४ | १०८८९४२४ |
| | जम्मा | | १५००७२७८/- |

| अनियमित भएको | १,५०,०७,२७८ |
|---|---|

२० **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले रु.२२,४५,८००/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **अवकाश कोष -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कर्मचारीहरूको सेवा सुविधा (सावधिक जीवन बीमा, उपदान, औषधी उपचार तथा विदा) वापतको रकम भुक्तानी गर्नका लागि कर्मचारी कल्याण कोष स्थापना गरी सञ्चालन गरेको छ । यस आर्थिक वर्षमा पालिकाको कोषमा अ.ल्या रु.१,१७,५१,७७३/५५ भएको र थप भएको रु.२,२३,३९,१२०.००/- गरी जम्मा रु.३,४०,९०,८९३/५५ आम्दानी भएको छ । यसमध्ये पालिकाले सावधिक जीवन बीमा कोषका लागि रु.३४९३६६ र उपदान, औषधी उपचार तथा विदा वापतको रकम भुक्तानीका लागि रु.१,७१,३३,३५४/-गरी जम्मा रु.१,७४,८२,७२०/- भुक्तानी गरेको छ ।तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले कानून निर्माण गरी सोही बमोजिम कोषको सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

२२ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु.१,१२,३४,४००/- खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२१,७४,७५,५६१/ ३२ को ५.१७ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.९,९६,५००/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२१,७४,७५,५६१/३२ को ०.४६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **बेरुजु लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राखुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत सफ्टवेयवर निर्माण गरी राखेको देखियो । पालिकाले समयमा बेरुजु फर्स्यौट तथा सम्परीक्षण गरी बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राखुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा नियमावलीको व्यवस्था

अनुसार प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने सामानको मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं | मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्चमध्ये खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९०५००००. | १५७२८१५०.७४ | १.२४ |
| २ | सामाजिक विकास | ५९०३४२०००. | ५४४५७७७८२.५३ | ४३.०१ |
| ३ | पूर्वाधार विकास | ३९९९०००००. | ३२५७५७६१५.१९ | २५.७३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४९६२६०००. | ३२६११०६९.४ | २.५८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४०५९९९०००. | ३४७३९०१८९.८४ | २७.४४ |
| कुल जम्मा | | १४६४९१७०००. | १२६६०६४८०७.७ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४३.०१ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी १.२४ प्रतिशत खर्च रहेको छ ।

सैद्धान्तिक बेरुजु

२८ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.४०,१९,६५,७८६.१९/- निकासा भएकोमा प्रथम त्रैमासिकमा १४.८९ प्रतिशत, दोस्रो त्रैमासिकमा २१.५ प्रतिशत, तेस्रो त्रैमासिकमा २५.५९ प्रतिशत र चौथो त्रैमासिकमा ३८.०२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र २३.५४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशीर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च रु.हजार** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पूँजीगत खर्चतर्फ | ४०१९६५ | ५९८४५ | ८६४२३ | १०२८६६ | १५२८३० | ९४६२८ |
| प्रतिशत | १०० | १४.८९ | २१.५ | २५.५९ | ३८.०२ | २३.५४ |

सैद्धान्तिक बेरुजु

२९ **सार्वजनिक सुनुवाई -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था भएकोमा सो कार्य भएको देखिएन । तोकिए बमोजिम सार्वजनिक सुनुवाई गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३० **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा दर्ता र फछ्यौंट भएको मुद्दाको विवरण माँग गरेकोमा प्राप्त हुन नसकेकोले सोको विश्लेषण गर्न सकिएन । न्यायिक समितिले सम्पादन गरेको कार्यको प्रगति विवरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । धरान उपमहानगरपालिका, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र भेन्चर वेस्ट टु इनर्जी प्रा.ली. बिच ८ जुन २०१७ मा डिजाइन, निर्माण, संचालन तथा हस्तान्तरण गर्ने गरी भएको सम्झौतामा ठोस फोहोरो संकलन तथा वर्गीकरण गर्ने कार्य वेस्ट टु इनर्जी प्रा.लि.को हुने उल्लेख छ । कार्यालयको श्रेस्ता परीक्षण गर्दा फोहोर संकलनमा पालिकाको सवारी साधन तथा संकलनकर्ता प्रयोग भई सोमा खर्च गरेको देखियो । उपरोक्त सम्झौता बमोजिम नगरको ठोस फोहोर संकलनको काम संस्थाको भएकोले पालिकाले नगर क्षेत्रको सरसफाईको लागि मात्र खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **धरौटी तर्फ -**

३२.१ पालिकाको धरौटी खातामा गत वर्षको अ.ल्या. रु.३,५२,०७,१३३।३५/- र यो वर्षको थप रु.२६७५९३००/-गरी जम्मा रु.६,१९,६६,४३३।३५/- प्राप्त गरेकोमा रु.१,२७,०१,१९८/- खर्च भई रु.४,९२,६५,२३५।३५/- मौज्दात रहेको देखिन्छ । बैङ्क मौज्दात भिडान गर्दा रु.५,१९,८८,०९७।३४/- अर्थात श्रेस्ता मौज्दात भन्दा

रु.२७,२२,८६१।९९ बढि मौज्दात रहेको हुँदा बैंक हिसाब मिलान हुनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छः

सैद्धान्तिक बेरुजु

३२.२ **धरौटी फिर्ता –**

**..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।०१।०९ को निर्णयबाट रु.११,९६,६२०।- सम्परीक्षण गरिएको ।)**

३३ **प्रकोप व्यवस्थापन कोष -** प्रकोप व्यवस्थापन कोष संचालनको लागि पालिकाले विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८ निर्माण गरेको छ । स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनीकरण तथा विपद्को व्यवस्थापनको लागि आर्थिक सहायता परिचालन गर्नु कोषको उद्देश्य रहेको छ । यस कोषमा गत आर्थिक वर्षको रु.७१,१४,५२२/१६ अल्या गरेकोमा यस वर्ष थप रु.३०,५८,३०३/१३ सहित जम्मा रु.१,०१,७२,८२५/- आम्दानी भएकोमा रु.४७,५८,२५७/- खर्च भई रु.५४,१४,५६८/- बाकी देखिन्छ । विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७८ को दफा १२(ङ) मा विपद जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन नपाइने उल्लेख छ । तर पालिकाले देहायको विपदसँग प्रत्यक्ष सम्बन्ध नभएका कार्यमा खर्च गरेको पाइयो । कार्यविधिबमोजिम कोषको सही सदुपयोग गर्नुपर्दछ ।

| गो.भौ.नं र मिति | विवरण | रकम |
|---|---|---|
| ३३।०८०।३।२५ | श्री जनता आधारभूत विद्यालयको शौचालय मर्मत | ९६४९८ |
| ३४।०८०।३।२५ | नगर प्रहरी सुरक्षा सामाग्री खरिद | ९९६९४२ |

सैद्धान्तिक बेरुजु

३४ **मर्मत संभार कोष -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन, मर्मत तथा सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन भने पालिकाले स्थापना गरेको यस कोष संचालनको लागि कार्यविधि तयार गरेको पाइएन । पालिकाले यस वर्ष मर्मत संभार कोषबाट १ थान रोलर खरिद गरी रु.४५,४५,०००/- र २ थान ट्रिपर खरिद रु.९९,४९,९९९/- भुक्तानी गरेको छ ।अतः निर्मित आयोजनाहरुको सु—सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोष संचालनको कार्यविधि तयार गरी सोही बमोजिम कोष सञ्चालन गरिनुपर्दछ।

३५ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ८७ वटा सहकारी संस्था रहेका छन् । पालिकाले सहकारिहरुको अनुगमन गरी तयार पारेको प्रतिवेदन २०७९/८० र लेखापरीक्षणको क्रममा पेश भएको श्रेस्ता अनुसार सहकारी नियमन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:

- सहकारी ऐन, २०७५ मात्र जारी भएको र नियमावली, निर्देशिका, अनुगमन सम्बन्धी मापदण्ड जारी नभएको,
- १८००० भन्दा बढि बचतकर्ताको ७ अरब भन्दा बढि बचत रकम फिर्ता नदिने बराह बचत तथा ऋण सहकारी संस्थालाई सहकारी ऐन बमोजिम समस्याग्रस्त संस्था घोषणा गरी कानूनी कारवाही अगाडी बढाउनु पर्नेमा विगत १ वर्ष देखि केही नगरेको,
- रु.३ करोड रकमभन्दा वढि रकम ठगी गर्ने श्रेय बचत तथा ऋण सहकारी संस्थाका संचालकलाई ठगीमा कारवाही अघि बढाइएको भएता पनि संस्थालाई समस्याग्रस्त घोषणा नगरेको,
- सहकारी ऐन, २०७५ को दफा ३९(३) बमोजिम सेवा शुल्क र नविकरण शुल्क बचत तथा ऋण सहकारी संस्थाले लिन नपाउने स्पष्ट कानूनी व्यवस्था भएता पनि सहकारी संस्थाले लिइ रहेको अनुगमन प्रतिवेदनमा उल्लेख गरेकोमा सहकारी संस्थाहरुलाई पालिकाले कारवाहि नगरेको,

**बराह बचत तथा ऋण सहकारी संस्था सम्बन्धमा देखिएका थप व्यहोराहरुः**

- बराह बचत तथा ऋण सहकारी संस्थाका संचालकहरुले देहाय बमोजिमका १० वटा कम्पनी स्थापना गरी संस्थाको रकम सहकारी कानून तथा सिद्धान्त विपरीत लगानी गरेको देखिन्छ ।

  १. बराह ज्वेलरी इण्डष्ट्रिज प्रा. लि. धरान
  २. बराह डिपार्टमेण्ट स्टोर प्रा. लि.
  ३. बराह चिल्ड्रेन वर्ल्ड प्रा. लि.
  ४. बराह फेमेली किचेन प्रा. लि.
  ५. बराह कृषि उपज तथा पशुपालन प्रा. लि.
  ६. ह्यापी गो लक्की प्रा. लि.
  ७. बराह मोटरस प्रा. लि.
  ८. श्रीपा सुपर मार्केट प्रा. लि.
  ९. इन्द्र बराह ट्राभल एण्ड टुर्स प्रा. लि.
  १०. बराह भेडेटार मल्टीपर्पोज कम्पनी प्रा. लि.

- संस्थाले घर जग्गा खरिद गर्दा सहकारी ऐन नियमको परिधिमा रहेर खरिद नगरेको,
- संस्थाले तरलता १५ प्रतिशत नराखि लगानी गर्ने गरेको,
- कूल पूँजी कोषको १० प्रतिशत भन्दा बढि एक व्यक्तिलाई ऋण लगानी गरेको,
- संस्थाले प्राथमिक पूँजी कोषको १५ गुणा भन्दा बढि बचत संकलन,

- संस्थाका ४९ प्रतिशत भन्दा वढि संचालक सदस्यले एकै पटक ऋण लिएको,
- सन्दर्भ ब्याजदर भन्दा वढि प्रतिशतमा ऋण लगानी गर्ने गरेको,
- स्प्रेडदर ६ प्रतिशत भन्दा वढि कायम गर्ने गरेको,
- संस्थाका संचालकले ऋणको अनुमोदन गर्ने नगरेको,
- शेयर सदस्य नवनाई कारोबार गर्ने गरेको,

अतः उपरोक्त सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरी कानून बमोजिम समस्या समाधान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | असुली प्रतिशत |
|---|---|---|---|---|
| ११३१३ | एकीकृत सम्पती कर | 31,000,000.00 | 26,988,309.10 | 87.059 |
| ११३१४ | भुमिकर/मालपोत | 7,000,000.00 | 7,708,335.94 | 110.12 |
| ११३२१ | वहाल कर | 33,000,000.00 | 39,845,677.19 | 120.74 |
| ११३२२ | वहाल विटौरी कर | 5,500,000.00 | 6,181,804.00 | 112.4 |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | 500,000.00 | 28,136.00 | 5.6272 |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | 5,500,000.00 | 13,556,915.03 | 246.49 |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | 990,000.00 | 471,066.00 | 47.582 |
| ११४७९ | अन्य मनोरञ्जन कर | 110,000.00 | - | 0 |
| ११६३२ | अखेटोपहारमा लाग्ने कर | 434,500.00 | 662,588.00 | 152.49 |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | 5,000,000.00 | 8,024,014.00 | 160.48 |
| १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | 100,000.00 | - | 0 |
| १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | 500,000.00 | 375,629.00 | 75.126 |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | 9,500,000.00 | 11,998,493.00 | 126.3 |
| १४२२१ | न्यायिक दस्तूर | 330,000.00 | 540,115.00 | 163.67 |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | 440,000.00 | 1,277,675.00 | 290.38 |

| | | | | |
|---|---|---|---|---|
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | 530,000.00 | 489,694.25 | 92.395 |
| १४२४१ | पार्किङ्ग शुल्क | 3,850,000.00 | 2,758,730.00 | 71.655 |
| १४२४२ | नक्सापास दस्तुर | 35,000,000.00 | 25,781,186.04 | 73.661 |
| १४२४३ | सिफारिश दस्तुर | 27,500,000.00 | 26,180,938.88 | 95.203 |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | 2,200,000.00 | 3,855,439.00 | 175.25 |
| १४२४५ | नाता प्रमाणित दस्तुर | 1,100,000.00 | 1,673,475.00 | 152.13 |
| १४२४९ | अन्य दस्तुर | 3,575,500.00 | 3,900,168.93 | 109.08 |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | 1,100,000.00 | 2,553,210.80 | 232.11 |
| १४५२९ | अन्य राजस्व | 42,780,000.00 | 516,355.16 | 1.207 |
| १४६११ | व्यवसाय कर | 33,000,000.00 | 30,826,040.00 | 93.412 |
| १५१११ | बेरूजू | 550,000.00 | 1,752,632.00 | 318.66 |
| | जम्मा | 251,090,000.0000 | 217,946,627.32 | 86.8 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । पालिकाको राजस्व व्यवस्थापन प्रणाली (GIS Based tax information system) को प्रतिवेदन अनुसार यस आर्थिक वर्षसम्म कुल १४७२९ व्यवसाय दर्ता रहेकोमा यस वर्ष कर तिर्ने व्यवसायको संख्या ६६८४ मात्र देखियो । पालिकाले यो राजस्व शीर्षकमा जम्मा रकम रु. ३,२५,३०,५५१.५० उठाएको छ । पालिकाले दर्ता भएका र संचालनमा रहेका सबै व्यवसायिलाई करको दायरा ल्याई समयमा नै कर उठाई आन्तरिक राजस्व बढाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **मूल्य अभिवृद्धि कर-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुलगर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष निम्नानुसार आय ठेक्कागरी राजश्व असुलगरेकोमा बोलपत्र साकारकर्ताबाट नियमानुसार मूल्य अभिवृद्धिकर असुलगरी संघीय संचितकोष दाखिला गरेको देखिएन । असुलगर्न बाँकि मूल्य अभिवृद्धिकर सम्बन्धित फर्मबाट असुलगरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.

| ठेक्का नं. | ठेक्का विवरण | फर्मको नाम | कबोल रकम (मू.अ.कर बाहेक) | मू.अ.कर रकम |
|---|---|---|---|---|
| NCB/Rev/01/11472 | विज्ञापन कर | पाथिभरा कन्स्ट्रक्सन इटहरी | १६६२२२२/- | २१६०८८/८६ |
| NCB/Rev/04/11632 | कवाडी कर | पाथिभरा कन्स्ट्रक्सन इटहरी | १७५९२६१/- | २२८७०३/९३ |
| NCB/Rev/03/1452 | सडक पूर्वाधार उपयोग कर | पाथिभरा निर्माण सेवा | ८१९४४७५/- | १०६५२२४/५१ |
| | | | जम्मा | १५१००१५/- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,१०,०१७.३ |

३९ **असुलगर्न बाँकि बहाल -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा पालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लनगरन पाउने व्यवस्था रहेको छ । पालिकाले यो शीर्षकमा जम्मा रकम रु. ७३,३८,४००/- राजस्व उठाएको छ । पालिकाभित्र सपिङ कम्प्लेक्स भवनमा ३३ वटा, बि.पि. सुन्दर बजारमा ३० वटा, पालिका तरकारी बजारको क क्षेत्रमा १४ वटा, ख क्षेत्रमा १६१ वटा र ग क्षेत्रमा ११ वटाहरु रेहेको र पालिकासँग भएको सम्झौता अनुसार देहायबमोजिमका व्यक्ति तथा संस्थाहरूबाट बहाल रकम उठ्न बक्यौता रहेको हुँदा सम्बन्धितबाट असूलगरी स्थानिय संचितकोष दाखिला गर्नुपर्ने रु.

| सि.नं. | बहालमा बस्नेको नाम | भाडामा लिएको भवन | कोठा नं. | यस वर्षको बाँकि रकम |
|---|---|---|---|---|
| १ | सुरेन्द्र साह हलुवाई धरान १८ | विपी सुन्दर बजार | ५ | ४५०००/- |
| 2 | गुडिया देवि साह धरान १८ | विपी सुन्दर बजार | १२ | १०३००/- |
| 3 | आकासा साह धरान १८ | विपी सुन्दर बजार | ८ | १२४०/- |
| 4 | गिता खड्का धरान ३ | सपिङ्ग कम्प्लेक्स | १५ | ३९१७९/- |
| 5 | भगत चौधरी धरान ३ | पालिका तरकारि बजार | ७,८ क | १७५२०/- |
| 6 | मनोज चौधरी धरान ३ | पालिका तरकारि बजार | ४ख | २५००/- |
| 7 | लालकाजी खड्गी धरान ३ | पालिका तरकारि बजार | १ग | १३००/- |
| 8 | ज्ञानु शाक्य धरान ३ | पालिका तरकारि बजार | ६ग | १४८८०/- |
| 9 | सरस्वति परियार धरान ३ | पालिका तरकारि बजार | ७ग | ६२००/- |
| | | | जम्मा | १३८११९/- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३८,११९ |

४० **वडागत करार कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । मिति २०७९/३/२३ गतेको एघारौं नगरसभाले स्वीकृतगरेको संगठन तथा व्यवस्थापन सर्वेक्षणमा प्रस्ताव नगरेको पदहरु कार्यालय सहायक, सामाजिक परिचालक, कर संकलक जस्तापदमा निम्नानुसार वडा कार्यालयहरुले करारमा कर्मचारी नियुक्तगरी तलब भत्ता खर्च लेखेको देखियो । स्वीकृत पदहरुमा नियमानुसार स्थायीपदपूर्ति गर्न प्रदेश लोकसेवा आयोगमा मागसमेत नपठाई स्वीकृत भन्दा फरक पद तथा संख्यामा कर्मचरी नियुक्त गरी तलब भत्ता भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४१ **अन्य निकायको खर्च -** पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका सघ/सस्था र कार्यालयलाहरुलाइ निम्नानुसारको खर्चको भुक्तानी दिएको छ ।अन्य सरकारी कार्यालयहरुको खर्च तालुक मन्त्रालयको स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरुलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रु.

| सि.नं. | भुक्तानी पाउनेको नाम | वापत | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | होमप्लान्स कन्सल्टेन्सी प्रा.लि. | जिल्ला ट्राफिक प्रहरी कार्यालय भवनको वातावरणीय अध्ययन | २३७०००/- | |
| २ | ओम प्रकाश कन्स्ट्रक्सन प्रा.लि. | इलाका प्रशासन कार्यालयमा सेड निर्माण | ४६९७३८/- | |
| ३ | कुबेर अटो वर्क्स प्रा.लि. | सशस्त्र प्रहरी बल नेपालको सवारी मर्मत | १५००००/- | |
| ४ | अस्थाई प्रहरीचौकी रेल्वे | मोटरसाइकल मर्मत | ९७८०/- | वडा नं.११ |
| ५ | अस्थाई प्रहरीचौकी देउराली | सि सि क्यामेरा जडान | ९६२४२/- | वडा नं.५ |
| ६ | ईलाका प्रहरी कार्यालय भवन निर्माण उ.स. | हिरासत भवन निर्माण | ९७८४३/- | वडा नं.८ |
| ७ | ईलाका प्रहरी कार्यालय भवन निर्माण उ.स. | हिरासत भवन निर्माण | ५००००/- | वडा नं. ७ |
| ८ | ईलाका प्रहरी कार्यालय भवन निर्माण उ.स. | हिरासत भवन निर्माण | ९७८४३/- | वडा नं.१५ |
| ९ | वडा प्रहरी चौकी निर्माण उ.स. | प्रहरी चौकी | ९८५२६८/- | वडा नं.१६ |

| | | | | |
|---|---|---|---|---|
| | | जम्मा | २१९३७१४/- | |

| | |
|---|---|
| अनियमित भएको | २१,९३,७१४ |

४२ **ईन्धन खर्च -** प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी र इन्धन अन्य प्रयोजन) मा रु.१,३४,७४,२३६/- खर्च गरेको छ । कार्यालयले उपलब्ध गराएकव विवरण अनुसार कार्यालयमा ३ बारुण यन्त्र, १ व्याकहो लोडर, १ रोलर, ४ साना सवारी , ६ ट्रयाक्टर र २५ मोटर साइकल रहेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेतापनि सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख राखेको देखिएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड अनुसार लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **स्थानीय पाठ्यक्रम निर्माण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९( १०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।कार्यालयले स्थानीय पाठ्यक्रम निर्माणमा निम्नानुसार रु.९१४३००/- भुक्तानी खर्च गरेकोमा तयार भएको स्थानीय पाठ्यक्रम पालिकाबाट स्वीकृत भई लागु भएको देखिएन । तयार भएको स्थानीय पाठ्यक्रम स्वीकृत भई लागु भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./ मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ११४-०७९/५/१६ | स्थानीय पाठ्यक्रम तयारी कार्यक्रम (कक्षा १-८) | ४५००००/- | अधिकृत ध्रुवराज खड्काको आ.व. २०७८/७९ को पे.फ. |
| २२३१-०८०/३/२३ | स्थानीय पाठ्यक्रम तयारी कार्यक्रम (कक्षा १-६) | ४६४३००/- | |
| | जम्मा | ९१४३००/- | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१४,३०० |

४४ **विद्यालय अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तब्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यवस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस स्थानीय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष सम्बन्धित खातामा दाखिला भए

नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुबिधा अनिबार्य रुपमा बैंक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

४५ **सामुदायिक तथा संस्थागत विद्यालयको नियमित अनुगमन तथा सुपरीवेक्षण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । उपमहानगरपालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको देखिएन । संस्थागत विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गरेको विवरण पेश भएन ।उपमहानगरपालिकाले आफू मादहत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **शिक्षक दरवन्दी मिलन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० बुँदा नं त अनुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०५।०४ को निर्णयको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट पुनर्विरतरित शिक्षक दरवन्दी विवरण अनुसार खुद पुलमा रहेका दरवन्दी मिलान गर्न वाँकी रहेका शिक्षकहरुको दरवन्दी स्थानिय तहले प्रथम चैमासिक भित्र मिलान कार्य सम्पन्न गरी सो को प्रतिवेदन केन्द्रमा पठाउनु पर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

४७ **विद्यालयगत निकासा रजिस्टर्ड** - आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरी यथार्थ विवरण अभिलेख राखु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएकोबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राखु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **शैक्षिक तथ्यांक (EMIS) अद्यावधिक** - पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७९/८० मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७९ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध

गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिका आ.ब.२०७९/८० मा भएकोमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा उपमहानगरपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांक फरक समयमा फरक देखिएकोले उपमहानगरपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

४९ **IEMIS को सत्यपना** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० क्रियाकलाप नं.१.१.४.१ प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत ४८ वटा विद्यालयलाई पाठ्यपुस्तक अनुदान वापत रु.८८,९०,९९७/८० निकासा भएकोमा निम्न व्यहोराहरु देखियो ।

• IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्नुपर्नेमा सो सत्यापन नगरी विद्यालयले पेश गरेको विद्यार्थी विवरणका आधारमा निकासा गरको छ ।

• विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य नगरपालिकाले गरेको छैन ।

सैद्धान्तिक बेरुजु

५० **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ५ भन्दा माथिका छात्रा विद्यार्थीहरु ४७१९ जना रहेका प्राप्त विवरणवाट देखिन्छ । पालिकाले वोलपत्रको माध्यमवाट अप्सरा ट्रेडलिंकबाट २८० एमएमका प्रति प्याकेट रु.४५.२० का दरले २५५०० प्याकेटको रु. ११,५२,६००/- र ३२० एमएमका प्रति प्याकेट रु.८१.३६ का दरले ३२००० प्याकेटको रु. २६०३५२०/- समेत रु.३७,५६,१२०/- सेनिटरी प्याड खरिद गरेको देखिन्छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी स्यानिटरी प्याड वितरण गरी २८० एमएमको १२०० र ३२० का ४८९ प्याड मौज्दातमा राखेको देखिन्छ । पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

- स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद ५ दफा १४ मा उपाध्यक्षको संयोजकत्वमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहने र दफा १५ बमोजिमको कार्य गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिम अनुगमन तथा समन्वय भएको पाइएन । साथै विद्यालयबाट सेनिटरी प्याड वितरणको प्रगति विवरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **औषधि खरिद -** पालिकालाई वार्षिक रुपमा आवश्यक निश्लक वितरण गर्ने औषधिको परिमाण सम्बन्धमा वार्षिक आवश्यकताको परिणाम विवरण तयार गर्नुपर्दछ । उक्त विवरणको आधारमा तालुक निकायबाट प्राप्तहुने औषधिको परिमाण घटाई बाँकि औषधि पालिकाबाट खरिद गरी पुल सिस्टमको आधारमा औषधिको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।पालिकाले खरिदगर्ने औषधीमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि-शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु. ३५,८४,७९२/- को औषधि खरिद गरेकोमा गत वर्षको औषधि मौज्दातको विवरण यकिन गरेको र सबै औषधिमा निशुल्क वितरणको लागि भन्ने लोगो लगाएको देखिएन । अत- पालिकाले औषधि खरिदगर्नु भन्द पहिले गत वर्षको खपत र मौज्दात बाँकिको विवरण अद्यावधिकगरी औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **प्रदेश सरकारवाट खरिद हुनुपर्ने स्थानिय निकायले खरिद गरेको औषधी -** स्वास्थ्य सेवा विभाग टेकूले आधारभूत स्वास्थ्य सेवाका औषधि तथा औषधिजन्य सामाग्रीहरुको खरिद तथा वितरणका लागि जिम्मेवार निकाय तोकी तोकिएका औषधिहरु सम्वन्धित निकायहरुले मात्र खरिद गरी वितरण गर्न सक्ने गरी कार्य क्षेत्र निर्धारण गरेको छ । निम्न औषधिहरु पालिकाले खरिद तथा वितरण गर्ने नमिल्ने देखिएकोले स्थानिय तहले खरिद तथा वितरण गर्ने मिल्ने मात्र औषधि खरिद गरी वितरण गर्ने पर्दछ ।

| सि नं | औषधिको नाम | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | Metformin 500 mg Tab | २५००० | १.५ | ३७५००/- | प्रदेश सरकारवाट खरिद भई वितरण हुनुपर्ने |
| २ | Amlodipine Tab 5 mg | ३०००० | ४ | १२००००/- | |
| ३ | Amlodipine Tab 5 mg | ३०००० | ३ | ९००००/- | |
| 4 | Salbutamol | ५०००० | ०.८ | ४००००/- | |

सैद्धान्तिक बेरुजु

५३ **न्यानो झोला -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७९ को दफा १२ (पृष्ठ-१०५) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोला सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा न्यानो झोला खरिद गरी ३ आर्थिक वर्ष देखि न्यानो झोला खरिद गरेको छैन तर विगत तीन आर्थिक वर्षभन्दा अगाडि खरिद गरी बाँकी रहेको ३६० न्यानो झोला आ.व.२०७७।७८ मा जिम्मेबारी सारी राखेकोमध्ये पालिका अन्तर्गत रहेका १(एक) वटा बर्थिङ सेन्टरमा आर्थिक वर्ष २०७७।७८ मा ५९ जना, आर्थिक वर्ष २०७८।७९ आर्थिक वर्ष १८ जना र आर्थिक वर्ष २०७९।८० मा ५४ समेत गरी १३२ जना प्रसूती भएका आमाहरुलाई बितरण गरी धरान स्वास्थ्य चौकी-वडा नं.१ मा

रहेको बर्थिङ्ग सेन्टरमा २२९ थान न्यानो झोला बाँकी रहेको पालिकाबाट उपलब्ध भएको तथ्यांकबाट देखिएको छ । जुन सङ्ख्या तीन/चार वर्षको प्रसूती दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **कार्यसम्पन्न प्रतिवेदन —**

**.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०९ को निर्णयबाट रु.१,०३,०५,९६४/- सम्परीक्षण गरिएको ।)**

५५ **स्थानिय निर्माण सामाग्री -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान स्विकृत नर्म्सको प्रयोग गरी तयार तथा स्वीकृत गर्नुपर्ने र सोही नियमको उपनियम ४ मा निर्माण कार्यमा प्रयोगहुने मालसामान, उपकरण तथा ज्यामिको ज्याला दररेट निर्धारण समितिले तोकेको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सर्दुखोला नियन्त्रण कार्यको लागत रु.६१७५८९८/०५ स्वीकृतगरी बोलपत्रको माध्यमबाट रु.४००६७७३/१० मा निर्माण कार्य गराएको देखियो । उक्ता निर्माण कार्यको लागत अनुमान परीक्षणगर्दा स्थानिय नदीमा पाइने ढुङ्गाको दररेट समेत बाहिरबाट ढुङ्गा ल्याउनुपर्ने आधारमा राखेको देखियो । पालिकाले यस वर्ष नदी जन्यपदार्थ संकलन तथा विक्रि वितरण नगरेकोले ढुङ्गाको मूल्य जिल्ला दररेट अनुसार राखेको कार्यालयको भनाई रहेको छ । नदी नियन्त्रण कार्यमा प्रयोग हुने ढुङ्गा सोही नदिको प्रयोग गर्नेगरी लागत अनुमान तयारगर्दा संकलन रकममात्र समावेश हुने भएकोले निर्माण कार्यको लागत घट्ने तथा निर्माण व्यवसायिले स्थानिय ढुङ्गा प्रयोग नगरेको सम्बन्धमा निगरानिगर्ने संयन्त्र समेत नरहेकोले यस तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६ **थप निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने उल्लेख छ । पब्लिक मा.वि. फुस्रे, धरान १३ को भवन निर्माण कार्यको ठेक्का सम्झौता गत आर्थिक वर्ष २०७८/०२/०४ मा भई कार्य संचालन रहेको अवस्थामा यस वर्ष कार्य स्थलमा पुरानो भवन रहेको र सो भवन भत्काउने कार्यको रु.४३९१३२/६३ को लागत अनुमान तयारगरी छुट्टै निर्माण व्यवसायीसँग सोझै सम्झौतागरी रु.४७२४५८/- भुक्तानी दिएको देखियो । विद्यालयको पुरानो भवन विद्यालय आफैले भत्काउने र सो स्थानमा नँया भवन पालिकाले गर्ने मौखिक सहमति भए अनुसार सो कार्यको ठेक्का सम्झौता भएको तर विद्यालयले पुरानो भवन नभत्काउँदा नँया भवन निर्माण कार्यमा अवरोध हुने भएकोले थप कार्य गराएको कार्यालयको भनाइ रहेको छ । पुरानो भवनको इटाको गाह्रो समेत भत्काएको देखिएकोले सोको प्रयोग अथवा आम्दानि जनाएको प्रमाण नराखेको र निर्माण कार्यको ठेक्का सम्झौताभई कार्यसंचालन भईरहेको अवस्थामा थपकार्य गराउनुपर्दा नियमानुसार भेरिएसन नगरि छुट्टै निर्माण व्यवसायिसँग सम्झौतागरि भुक्तानि दिएको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४,७२,४५८ |
|---|---|

५७ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रु.८५,२७,६८२ /- आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्र्यौट नभई बाँकी रहेको देखियो। पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु.

| क्र.सं | पेश्कीलिनेको नाम | प्रयोजन | पेश्कीरकम | म्यादनाघेको |
|---|---|---|---|---|
| १ | राम वहादुरवेगा | इन्धनपदाधिकारी | ५००० | ५००० |
| २ | एन बिकन्स्ट्रक्सन | विभिन्नपार्क निर्माण | ५००००० | ० |
| ३ | दिपादीलकन्ट्रक्सन | १२ नं वडाकार्यालय भवन निर्माण | ९५५००० | ० |
| ४ | दिपादीलकन्ट्रक्सन | १२ नं वडाकार्यालय भवन निर्माण | ९५५००० | ० |
| ५ | मोरङकन्स्ट्रक्सन | सडक बोर्डनेपालको सहकार्यमा सडक मर्मत कार्य | २८९००० | ० |
| ६ | बाईसधारा/जेशिकाजेभि | रेडक्रसचोक अमरहाट शिखरमार्ग सडक स्तरोन्नती धरान १/१३ | ३५००००० | ० |
| ७ | लिङ्थेप—सलटर—निशानजेभी | विद्यालयकक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | १७००००० | ० |
| ८ | पाथिभराहिमालयन पोलीटेक्निक इन्स्टीच्यूट प्रालि | गत वर्षकोकार्यगत अभ्याससहितको तालिम संचालन निरन्तरता | १९३६८२ | १९३६८२ |
| ९ | सानाव्यवसाय परामर्श तथा तालिम केन्द्र प्रालि | कार्यगतअभ्याससहितको तालिम सञ्चालन | ४३०००० | ४३०००० |
| | | जम्मा | | ६२८६८२ |

| | |
|---|---|
| पेश्की | ६,२८,६८२ |

५८ **सडक बत्ती -** पालिका र अन्तर्गतका वडा कार्यालयहरूले सडक बत्ती व्यवस्थापनका लागि बजेट विनियोजन गरी देहायबमोजिम खर्च गरेको देखिन्छ । यसरी विनियोजित बजेटबाट सडक बत्ती खरिद गर्दा हरेक वडाहरूमा खरिदको दररेट फरक रहेको, बत्ती जडान भएको यथेष्ट प्रमाण पेश नभएको, प्रभावकारी अनुगमन नभएको र अत्याधिक संख्यामा खरिद गरिएको देखिएको

हुँदा खर्चमा मितव्ययिता भएको देखिदैंन । आगामी दिनमा पालिकाले सडक बत्ती व्यवस्थापनका लागि सबै वडाहरूको लागि आवश्यक पर्ने सडक बत्तीको संख्या यकिन गरी पालिकाबाट नै बोलपत्रको माध्यमबाट खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५९ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले निर्माण व्यवसायिमार्फत गरिने सडक निर्माणमा सडक विभागको र भवन तथा ढल निर्माण कार्यमा शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोगगरी लागत अनुमान तयार गरी कार्य गराउने गरेकोमा देहायका निर्माण कार्यको लागत अनुमान तयारगर्दा फरक नर्म्सको प्रयोग गरेको र करिब लागत अनुमानकै दरमा सोझै सम्झौतागरी निर्माण कार्य गराई भुक्तानी दिएकोले निम्नानुसार आइटममा बढी भुक्तानी भएको देखियो । बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९९,०१९.२१ |

**(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६० **वितरणमुखी योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरीवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर, पालिकाले सो ऐनले तोकेका शर्त भन्दा फरक धार्मिक योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई कार्यान्वयन गर्नेतर्फ दिनुपर्ने देखिन्छ । केही उदाहरण निम्नानुसार छन्

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१ **सामाग्री सहयोग -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ । वडा नं. ११ कार्यालयले १ थान डि.एस.एल.आर. क्यामेरा खरिद वापत रु.९९८०१/- समता समाज नेपाल संस्थालाई दिएको देखियो । वडा कार्यालयबाट संस्थाले खरिद गरेको विल संलग्न राखि भुक्तानि दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,८०१ |

६२ **सिप विकास तालिम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम

प्रस्ताव माँग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार परामर्शदाता तथा कार्यालयका कर्मचारी मार्फत विभिन्न तालिम कार्यक्रम संचालन गरेकोमा उक्त तालिमको आवश्यकता पहिचान, प्रशिक्षार्थि तथा लाभग्राहि छनौटको आधार तथा विधि, तालिम कार्यक्रमको लागत अनुमान, कार्यक्षेत्रगत शर्त तयार नगरी परामर्शदाता/ संस्थासँग सोझै सम्झौतागरी तालिम संचालनमा रु.२०६१७४५ /- भुक्तानी दिएको देखियो । तालिम कार्यक्रम स्वीकृत गर्नुपूर्वको कार्य , स्वीकृत तालिमको लागत अनुमान, कार्यक्षेत्रगत शर्त तयार नगरी तालिम संचानगरी दिएको भुक्तानी नियमसम्मत नदेखिएको रु.

| सि.नं. | तालिमको नाम | संचालन गर्ने संस्था/ व्यक्तिको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | २८ दिने ब्युटीपार्लर तालिम | श्री साँगुरी धारापानी समाज | ३०००००/- | नगर |
| २ | १५ जना महिलालाई ३९० घण्टे बुटिक तथा सिलाई तालिम | समता समाज नेपाल | ६०००००/- | नगर |
| ३ | दलित समुदायलाई ब्युटिपार्लर तालिम | इन्टरनेशनल मल्टिप्रपोज स्किल एकेडेमी प्रा.लि. | ७००००/- | वडा नं. ९ |
| ४ | १५ वटा टोल विकास संस्थाका अध्यक्ष र सचिवलाई २ दिने नेतृत्व विकास तथा उदघोषण तालिम | वडा कर्मचारी शिला थापा कार्की | ६५०४०/- | वडा नं.८ |
| ५ | ११ जना महिलालाई मखमल तथा ढाका कपडाको जुत्ता चप्पलबनाउने तालिम | डिप्लोमा सिलाई कटाई तालिम केन्द्र | ९८५००/- | वडा नं.७ |
| ६ | सुसनरोड महिला समुह उदघोषण तालिम | सुसन रोड महिला समुह | ५००००/- | वडा नं.१५ |
| ७ | टोल विकास संस्थाका महिलाको नेतृत्व विकास तालिम | वडा कर्मचारी दिपिका कार्की | ९०५३५/- | वडा नं.१५ |
| ८ | टोल विकास संस्थाका महिलाहरुलाई उदघोषण तालिम | सामाजिक परिचालक सुजता राई | ६७४१०/- | वडा नं.१९ |
| ९ | मोति तथा क्रिस्टलको माला बनाउने तालिम | सामाजिक परिचालक सुजता राई | ७६८६०/- | वडा नं.१९ |
| १० | दलित समुदायका व्यक्तिकालागि नेतृत्व विकास सम्बन्धि तालिम | पूर्वाञ्चल सिप विकास तालिम केन्द्र | ७४१८०/- | वडा नं. ५ |
| ११ | माइन्युट लेखन तालिम | झमक प्रसाद भट्टराई समेत ३ कर्मचारी | ६००००/- | वडा नं.१४ |
| १२ | माइन्युट लेखन तालिम | चेली समुह नेपाल | ३००००/- | वडा नं.१८ |
| १३ | १५ दिने कुक तालिम | गौरीगणेश होटल मेनेजमेन्ट ट्रेनिङ सेन्टर | १०००००/- | वडा नं.२ |
| १४ | ब्युटिसियन तालिम | न्यू ग्लोमी ब्यूटि सेलुन | १२९९००/- | वडा नं.२ |
| १५ | महिलाकालागि आय आर्जन तालिम | डिजाइन इन्टिच्यूट अफ फेसन टेक्नोलोजी | २५००००/- | वडा नं.६ |
| | | जम्मा | २०६१७४५/- | |

| | |
|---|---|
| अनियमित भएको | २०,६१,७४५ |

६३ **वडागत वृत्तचित्र -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले समग्र पालिकाको आर्थिक, सामाजिक, पर्यटन, विकास निर्माण तथा योजनाहरुको विषयमा नागरिकलाई जानकारि गराउने उद्देश्यले एकिकृत रुपमा सबै विषय समेटिनेगरी डकुमेन्ट्रि तयारगरी स्थानिय तथा राष्ट्रिय स्तरको संचार माध्यम मार्फत प्रकाशन तथा प्रसारण गर्नुपर्नेमा निम्नानुसार विविध नाममा वडा कार्यालयहरुले वृत्तचित्र सामाग्री तयारगरी भुक्तानी खर्च गरेको देखियो । वडाले तयार गरेको वृत्तचित्र कुनैपनि संचर माध्यममा प्रकाशन/ प्रसारण समेत भएको नदेखिएकोले उक्त सामाग्रि तयारी तथा भुक्तानिको औचित्य पुष्टिहुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| वडा नं. | विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ११ | वृत्तचित्र भिडियो | मकालु कला केन्द्र | ६५०००/- | |
| ८ | भिडियो प्रोफाइल | उज्यालो एडभरटाइजिङ्ग एण्ड मार्केटिङ्ग सोलुसन | ९९८९२/- | |
| १७ | वडा कार्यालय श्रव्यदृश्य गतिविधि | उज्यालो एडभरटाइजिङ्ग एण्ड मार्केटिङ्ग सोलुसन | ४९७२०/- | |
| २० | वडा प्रोफाइल | उज्यालो एडभरटाइजिङ्ग एण्ड मार्केटिङ्ग सोलुसन | ९५३९७/- | |
| १६ | वडा डकुमेन्ट्रि निर्माण | उज्यालो एडभरटाइजिङ्ग एण्ड मार्केटिङ्ग सोलुसन | ११८६५०/- | |
| १२ | वडा वृत्तचित्र निर्माण | उज्यालो एडभरटाइजिङ्ग एण्ड मार्केटिङ्ग सोलुसन | ४९७२०/- | |
| | | जम्मा | ४७८३७९/- | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७८,३७९ |

६४ **धरान खानेपानी -** धरान उपमहानगरपालिका अन्तर्गत खानेपानी परियोजना सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा धरान उपमहानगरपालिका र धरान खानेपानी व्यवस्थापन बोर्ड बीच मिति २०७४।२।१४ मा भएको सम्झौतामा परियोजना निर्माणको लागि नगर विकास कोष (ए.डी.बी.) सँग नगरपालिकाले लिने ३५ प्रतिशत ऋण रकमको साँवा ब्याज भुक्तानी गर्नका लागि बोर्डले उपमहानगरपालिका र उपमहानगरपालिकाले नगर विकास कोषलाई तिर्नु पर्ने साँवा तथा ब्याज भुक्तानीको सुनिश्चितताका लागि एक Escrow Account को व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । साथै धरान खानेपानी परियोजनाको लागि धरान उपमहानगरपालिकाबाट भएको १५ प्रतिशत लागत सहभागिता वापतको रकम बोर्डले किस्ता बन्दीमा गरपालिकालाई प्रत्येक आर्थिक वर्षको मंसिर मसान्त तथा जेठ मसान्तगरि दुई किस्ताको दरले फिर्ता दिने समेत उल्लेख छ । उक्त आयोजना निर्माणकोलागि नगर विकास समितिसँग लिएको ऋण रु.६२,१३,५३,१६६/६९ को २०९१ पौष सम्म साँवा र व्याज समेत रु.८९,०६,०३,६५१/०५ भुक्तानी दिनुपर्ने ऋण फिर्ता भुक्तानी तालिकाबाट देखियो । यस वर्ष ऋणको साँवा रु.१,६१,१५,०८५/६४ र व्याज रु.२,६६,६६,२२८/२३ भुक्तानी दिई साँवा रकम रु.५१,४५,३४,६९५/७५ बाँकि रहेको छ । उपरोक्त सम्झौता बमोजिम नगरपालिकाको लागत सहभागिता वापतको १५ प्रतिशत रकम को साथै उपमहानगरपालिकाले ऋण वापत नगर विकास कोषलाई भुक्तानि दिईरहेको रकममध्ये कुनैपनि रकम खानेपानि व्यवस्थापन बोर्डलाई फिर्ता भुक्तानी दिएको देखिएन । संचालन भई सकेको खानेपानि आयोजनाले उपभोक्ताबाट संकलनगरेको रकमबाट आयोजना निर्माणमा भएको खर्च उपमहानगरलाई बुझाएको नदेखिएकोले उपमहानगर र खानेपानि व्यवस्थापन बोर्डबीच भएको सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा भएको सम्झौता बमोजिम उपमहानगरलाई फिर्ता बुझाउनुपर्ने रकम माँगगरि स्थानिय संचितकोष दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **स्थायी लेखा नम्बर -** सावजिनक खरद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोा सिमित वा लाभाही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **स्थानीय उद्योग संचालन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष घरेलु उद्योग निर्माण कार्यक्रममा रु.२०,००,०००/- बजेट विनियोजनगरी बेसार फ्याक्ट्रि भवन निर्माणकार्य उपभोक्ता समिति मार्फत गराई रु.१६४५२९३/- भुक्तानि खर्ग गरेको देखियो । बेसार फ्याक्ट्रिको संरचना निर्माण गरेको पालिकाले उक्त उद्योग संचालन सम्बन्धमा कुनै कार्यविधि तयार गरेको देखिएन । स्थानिय स्तरमा संचालन गर्ने उद्देश्यले निर्माण भएको घरेलु उद्योग संचालन सम्बन्धमा कार्यविधि स्वीकृतगरी उक्त उद्योग संचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **वडा भवन निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउनेसम्बन्धी कार्यविधि रहेको छ । सोही नियममा जटील प्राविधिक पक्ष समावेश भएको कार्य उपभोक्ता समितिबाट गराउने सम्बन्धी व्यवस्था नरहेको तथा नियम ९७(१२) मा उपभोक्ता समितिबाट निर्माणकार्य सम्पन्न भएपछि सार्वजनिक सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने समेतको व्यवस्था छ । कार्यालयले जटील प्रकारका तथा उपभोक्तालाई हस्तान्तरण समेत गर्न नमिल्ने वडा कार्यालय भवन निर्माण गर्न वडा नं.८ प्रशासनिक भवन निर्माण उपभोक्ता समिति गठनगरी उपभोक्ता समिति मार्फत निर्माणगराई नगरबाट रु.९९५६३१/- तथा वडा नं.८ कार्यालयबाट रु.१९४७२६७/- समेत जम्मा रु.२९४२८९८/- भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २९,४२,८९८ |

६८ **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धी कार्यविधि रहेको छ । सोही नियममा जटील प्राविधिक पक्ष समावेश भएको कार्य उपभोक्ता समितिबाट गराउने सम्बन्धी व्यवस्था नरहेको तथा नियम ९७(१२) मा उपभोक्ता समितिबाट निर्माणकार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने समेतको व्यवस्था छ । साथै सोहि नियमावलीको

नियम ९७ मा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउने उल्लेख छ । कार्यालयले निम्नानुसार जटील प्रकारका पिच कार्य उपभोक्ता समिति मार्फत गराएको देखियो । पिच लगायतको जटिल कार्य उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

